राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## खुला विज्ञापनका लागि
## Online दरखास्त फाराम भर्ने सम्बन्धी
## सूचना

मिति : २०८२।११।०१

यस बैंकको रिक्त रहेका निम्न तह र पदमा लोक सेवा आयोगको सहमति अनुसार खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका तथा कुनै बात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०८२।११।०१ गते देखि Online दरखास्त फाराम भर्न आह्वान गरिएको छ । बैंकले तोकेको Online दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, लोक सेवा आयोगबाट सञ्चालित पूर्व योग्यता परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साईजको फोटो अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ । नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानमा कार्यरत उम्मेदवारहरुले विभागीय स्वीकृति समेत अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका Online दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा कुनै संगठित संस्था वा बैंक / वित्तीय संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको, नेपाल राष्ट्र बैंकले जारी गरेको नियमन तथा निर्देशन अनुसार बैंक / वित्तीय संस्थाको कुनै पदमा नियुक्ति हुन अयोग्य हुने भनी तोकिएको व्यक्ति, बैंक/ वित्तीय संस्थाको ऋण नतिरी कालो सूचिमा परेको व्यक्ति, तोकिएको पदमा तोकिएको उमेर नपुगेको वा उमेरको हद नाघेको व्यक्ति, मानसिक सन्तुलन ठिक नभएको, निलम्बनमा रहेको र यस अघि लोकसेवा आयोगबाट सञ्चालित परीक्षामा अनियमितता गरी उम्मेदवार हुन बन्देज लगाईएको अवधि पूरा नभएका उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

परीक्षा दस्तुर समेत Online मार्फत उपलब्ध गराईएका माध्यम (NamastePay वा ConnectIPS वा e-Sewa वा Khalti वा तोकिएका अन्य) बाट बुझाउनु पर्नेछ । परीक्षा दस्तुर नगदमा बुझ्ने व्यवस्था नरहेको व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

### तपसिल

१) विज्ञापन नं., कार्यालय, तह, पद, सेवा, समूह र आवश्यक पद संख्या :

| सि.नं. | विज्ञापन नं. | कार्यालय | तह | पद | सेवा / समूह | पद संख्या | खुला | समावेशी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आ./ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| १ | १०१।२०८२-८३ | कोशी प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक | प्रशासन/ प्रशासन | १० | ५ | २ | १ | १ | – | – | १ |
| २ | १०२।२०८२-८३ | मधेश प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १५ | ९ | २ | २ | १ | १ | – | – |
| ३ | १०३।२०८२-८३ | बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय | | | | ८ | ४ | १ | १ | – | १ | १ | – |
| ४ | १०४।२०८२-८३ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ५ | ३ | – | १ | – | – | – | १ |
| ५ | १०५।२०८२-८३ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ६ | ४ | १ | १ | – | – | – | – |
| ६ | १०६।२०८२-८३ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २ | १ | १ | – | – | – | – | – |
| ७ | १०७।२०८२-८३ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २ | २ | – | – | – | – | – | – |
| ८ | १०८।२०८२-८३ | कोशी प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक (नगद) | प्रशासन/ नगद | २ | १ | – | – | १ | – | – | – |
| ९ | १०९।२०८२-८३ | मधेश प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ३ | २ | – | १ | – | – | – | – |
| १० | ११०।२०८२-८३ | बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय | | | | २ | २ | – | – | – | – | – | – |

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## खुला विज्ञापनका लागि
## Online दरखास्त फाराम भर्ने सम्बन्धी
## सूचना

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | ११११२०८२-८३ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २ | २ | – | – | – | – | – | – |
| १२ | ११२१२०८२-८३ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ३ | २ | १ | – | – | – | – | – |
| १३ | ११३१२०८२-८३ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | – | – | – | – | – | १ | – |
| १४ | ११४१२०८२-८३ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | १ | – | – | – | – | – | – |
| जम्मा | | | | | | ६२ | ३८ | ८ | ७ | ३ | २ | २ | २ |

(२) सेवाको किसिम :– स्थायी ।

(३) आवश्यक न्यूनतम शैक्षिक योग्यता र अन्य :–

(क) दश जोड दुई वा सो सरहको योग्यता हासिल गरेको ।

(ख) लोक सेवा आयोगबाट २०८२।०७।१५ मा सञ्चालित पूर्व योग्यता परीक्षा उत्तीर्ण गरेको ।

(४) दरखास्तको आधार :– समावेशी समूहको लागि छुट्याइएको पदमा online दरखास्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनु पर्नेछ ।

(क) आदिवासी / जनजातीका हकमा नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा, तर नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको प्रमाणपत्र दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउंपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको प्रमाणपत्र दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(५) तलव तथा अन्य सुविधा :– बैंकको प्रचलित नियम अनुसार ।

(६) उम्मेदवारको उमेर :– Online दरखास्त दिने अन्तिम मिति (अर्थात २०८२।११।२१ गते) सम्ममा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । साथै महिला तथा अपाङ्गता भएका व्यक्तिका हकमा ४० वर्ष सम्म उम्मेदवार हुन सक्नेछन् तर बैकमा कार्यरत स्थायी कर्मचारीलाई उपरोक्तानुसारको उमेरको हद लाग्ने छैन ।

(७) उम्मेदवारको छनौट विधि :– लिखित तथा अन्तर्वार्ता ।

(क) लोक सेवा आयोगबाट २०८२।०७।१५ मा सञ्चालित पूर्व योग्यता परीक्षा उत्तीर्ण भएका उम्मेदवारले मात्र दरखास्त फाराम भर्न सक्नेछन् । लिखत परीक्षामा उत्तीर्ण हुने उम्मेदवारमात्र अन्तर्वार्तामा सहभागी हुन पाउने छन । पूर्वयोग्यता परीक्षाको अंक जोडीने छैन ।

(ख) लिखित परीक्षाको प्रथम पत्र राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडको एकिकृत परीक्षा प्रणाली अनुसार एउटै हुनेछ ।

केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाडौं, फोन नम्बर: (९७७-१) ४७२१२२०, ४९७००१८, इमेल: rbb.info@rbb.com.np, SWIFT: RBBANPKA

आफ्नो भनेको आफ्नै हुन्छ

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## खुला विज्ञापनका लागि
## Online दरखास्त फाराम भर्ने सम्बन्धी
## सूचना



(८) अन्य सेवा शर्त :–राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७० (सातौं संशोधन समेत) बमोजिम हुनेछ ।

(९) परीक्षणकाल अवधि :– महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

(१०) पदस्थापन :– उपरोक्त बिज्ञापन अनुसार नियुक्त हुने कर्मचारीहरुलाई सम्बन्धित प्रदेश र सो अन्तर्गतका शाखा कार्यालयहरु (बागमति प्रदेशको हकमा बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर)का कार्यालय) मा कम्तिमा ७ वर्ष अनिवार्य रुपमा कामकाज गर्ने गरी पदस्थापन गरिनेछ ।

(११) Online दरखास्त फाराम भर्न राष्ट्रिय वाणिज्य बैंकको website www.rbb.com.np मार्फत वा सिधै https://urp.nepalgovbanks.com गई त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

(१२) परीक्षा दस्तुर :– खुला समूहका लागि रु.५००।– (पांच सय) र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु.१००।– (एक सय) । (कुनै एक समावेशी समूहकालागि मात्र भरेमा रु.५००।– (पांच सय) तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु.१००।–(एक सय) ।

(१३) Online दरखास्त फाराम भर्ने मिति :– Online दरखास्त फाराम शुरु हुने मिति २०८२।११।०१ गतेले २१ दिन (अर्थात मिति २०८२।११।२१ गते) भित्र । दरखास्त फाराम भर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको दिन सम्म दरखास्त फाराम भर्न सकिनेछ ।

(१४) दोब्बर दस्तुर तिरी फाराम भर्ने :–दोब्बर दस्तुर तिरी दरखास्त दिने मिति २०८२।११।२८ गते सम्म हुनेछ ।

(१५) परीक्षा दस्तुर बुझाउने प्रक्रिया :- Online Application Portal मा भर्नु पर्ने व्यक्तिगत विवरण, पारिवारिक विवरण, ठेगाना सम्बन्धी विवरण, शैक्षिक विवरण तथा विवरण भरे पश्चात Vacancy List मा गई आफुले भर्न चाहेको बैंकको विज्ञापन र समूह छनौट गरी आवेदन पेश गर्ने । त्यसपछि My Application Tab मा गई उपलब्ध माध्यम (NamastePay वा ConnectIPS वा e-Sewa वा Khalti वा तोकिएका अन्य) मध्ये आफुले बुझाउन चाहेको माध्यममा Click गरी दस्तुर बुझाउनु पर्नेछ । यसरी परीक्षा दस्तुर बुझाउंदा एक भन्दा बढी विज्ञापनमा दरखास्त फाराम भर्ने उम्मेदवारले हरेक विज्ञापनका लागि छुट्टा छुट्टै दस्तुर बुझाउनु पर्नेछ ।

यसरी पेश गरिएका आवेदनको भुक्तानी भएको, आवेदन स्वीकृत भएको, आवेदन सच्याउनु पर्ने (Redraft) भएको वा रद्द (Reject) भएको जानकारी SMS तथा email मार्फत प्राप्त हुनेछ । सो अनुरुपको SMS/ email प्राप्त भए नभएको सम्बन्धमा सम्बन्धित दरखास्तवालाले एकिन गर्नु पर्नेछ ।

(१६) लिखित परीक्षा सञ्चालन हुने स्थान :– लोक सेवा आयोगबाट सम्बन्धित प्रदेशका तोकिएको स्थानहरुमा संचालन हुनेछ ।

(१७) परीक्षा सञ्चालन हुने मिति र परीक्षा केन्द्र :– सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

(१८) एउटा पदको लिखित परीक्षा एकै दिन र एकै समयमा हुनेछ । एउटै पदका एक भन्दा बढी विज्ञापनहरुमा दरखास्त फाराम भर्ने उम्मेदवारहरुले कुनै एउटा विज्ञापनको लिखित परीक्षामा मात्र सहभागी हुन सक्नेछन् ।

(१९) लिखित परीक्षाको पाठ्यक्रम राष्ट्रिय वाणिज्य बैंकको Website: www.rbb.com.np को Notice भित्र Career Notice मा राखिएको छ ।

(२०) उपरोक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

(२१) माथि उल्लेखित विज्ञापनहरुमा काम गर्न इच्छुक नेपाली नागरिकहरुले Online दरखास्त फाराम भर्न सक्नेछन् ।

(२२) शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, अनुभव, सेवा अवधि सम्बन्धि तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (बुंदा नं. १३ मा उल्लेख भएको अवधि) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।

(२३) आवेदन स्वीकृत, अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ ।

(२४) Online दरखास्त फाराम भर्दा अस्पष्ट भएमा यस विभागको टेलिफोन नं. ०१५७२१२२० एक्सटेन्सन नं. : ३५४९ र ३५४८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति